आज मिति २०८१/११/१४ गते बिहिबारका दिन इलाम नगरपालिकाका प्रमुख श्री केदार थापाज्यूको अध्यक्षतामा निम्न पदाधिकारी ~~ज्यूहरु~~ ज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको आठौं बैठक बसी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिति :-

प्रमुख श्री केदार थापा
उपप्रमुख श्री बिष्णु कुमारी लिम्बु (ढकाल)
वडाध्यक्ष श्री गायत्रीराम बस्नेत
" श्री गिरिराज रिजाल
" श्री हेम बहादुर सुनवार
" श्री नूतनदेव दुलाल
" श्री कान्छा बहादुर श्रेष्ठ
" श्री दुर्गा श्रेष्ठ
" श्री नरेश श्रेष्ठ
" श्री बलमान तामाङ
" श्री गोपाल चौहान
" श्री ओमनाथ प्रधान
" श्री रासी थेगु
" श्री लालमान लिम्बु
का.पा.स. श्री डायना राई
" श्री सरिमाया कामी
" श्री धनमाया लिम्बु
" श्री कुमारी ह्वाङ्गेत
" श्री बिबि लिम्बु
" श्री विरेन्द्र बहादुर राई
" श्री देवेन्द्र मुखिया
" श्री दिपक तिवारी
सचिव श्री प्र.प्र.अ. श्री गणेश कुमार खड्का

बैठक व्यवस्थापन कर्मचारी :-
प्र. अ. ज्ञान श्री लक्ष्मण न्यौपाने

आठौं कार्यपालिका बैठक मिति २०८१।११।१५ का निर्णयहरु

निर्णय नं १

नगरकार्यपालिकाको सातौं बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति बैठकमा प्रस्तुत भइ छलफल गरियो । उक्त बैठकका प्रमुख निर्णयहरुको कार्यान्वयन निम्नानुसार भएको पाइयो । आगामी दिनमा समेत कार्यपालिकाका निर्णयहरु समयमा नै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

क. न्यायिक समितिले उजुरीको कारवाही किनारा तथा फैसला गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा बनेको विधेयक २०८१ नगरसभाबाट पारित भइसकेको

ख. टोल बिकास संस्थाका प्रमुखबाट मनोनयन हुन बाँकी सदस्यहरुको मनोनयनका लागि नगर प्रमुखको सचिवालयमा सम्पर्क गर्न वडा कार्यालयहरुलाइ पत्राचार भइसकेको ।

ग. आर्थिक ऐन २०८१ को संसोधन सम्बन्धी प्रस्ताव नगर सभामा पेश भइ पारित भइसकेको

घ. औद्योगिक ग्रामका लागि लिजमा लिने जग्गा विपद् व्यवस्थापनका लागि आवश्यक नपर्ने सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय भएको

निर्णय नं २

जिल्ला प्रशासन कार्यालयको च.नं. १७८५ मिति २०८१।१०।१४ को पत्र साथ प्राप्त निर्णय बमोजिम इलाम नगरपालिकाको नगर प्रहरीले प्रयोग गर्ने पोषाक अन्य सुरक्षा निकायको पोषाकसंग मेल नखाएको भएतापनि हाल यस कार्यालयमा कार्यरत नगर प्रहरीले प्रयोग गर्ने दर्ज्यानी चिन्ह सुरक्षा निकायले प्रयोग गर्ने चिन्ह सँग मेल खाएको हुँदा हालको दर्ज्यानी चिन्ह हटाउने र नयाँ दर्ज्यानी चिन्ह प्रयोग सम्बन्धमा अन्यत्र पालिकाहरुका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएका अभ्यास समेतको अध्ययन गरि सिफारिस गर्ने प्रयोजनका लागि देहाय वोमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो । साथै पोषाक र दर्ज्यानी चिन्हमा एकरुपता कायम गर्नका लागि नेपाल नगरपालिका संघलाई समेत ध्यानाकर्षण गराइ पत्राचार गर्ने निर्णय गरियो ।

देहाय

वडाध्यक्ष वडा नं. ८ श्री दलमान तामाङ्ग — संयोजक

प्रशासकीय अधिकृत ऋषभ न्यौपाने — सदस्य

नगर प्रहरी प्रमुख — सदस्य सचिव

निर्णय नं. ३

इलाम नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० को दफा ५२.१ बमोजिम देहायको पदाधिकारीहरु रहने गरि पालिका स्तरिय आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन गर्ने तथा वडा कार्यालयहरुलाई समेत सोही निर्देशिकाको दफा ५२.४ बमोजिम वडास्तरिय आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो ।

देहाय

CamScanner

आठौं कार्यपालिका बैठक मिति २०८१।११।१५ का निर्णयहरु

नगर प्रमुख श्री केदार थापा — संयोजक

उप-प्रमुख श्री विष्णु कुमारी लिम्बु (दाहाल) — सदस्य

वडाध्यक्ष श्री गिरिराज रिजाल - सदस्य

का.पा. सदस्य श्री कुमारी लुवागुन — सदस्य

का.पा. सदस्य श्री बिबि सुब्बा - सदस्य

लेखा अधिकृत (सातौं) श्री नारायण ढकाल — सदस्य

प्रशासकिय अधिकृत श्री बबुल भक्तराज — सदस्य सचिव

निर्णय नं. ४ :

इको र्याप नेपाल प्रा.लि. काठमाडौंद्वारा उत्पादित जैविक रेशायुक्त वातावरण मैत्री झोला यस नगरपालिकाक्षेत्रभित्र विक्रि वितरणका लागि आवश्यक कागजातहरु सहित अनुमति माग भएकोमा नेपाल पोलिमर इन्स्टिच्युट, काठमाडौं, नेपालबाट उक्त झोलाहरु जैविक रुपमा विघटनशील रहेको भन्ने उल्लेख भएको तथा उक्त झोलाहरुले प्रयोग गर्ने कच्चा पदार्थहरु जैविक मलको रुपमा विघटित हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पालना गरेको भनी उल्लेख भएको तथा इलाम नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त संस्थाबाट उत्पादित वातावरणमैत्री झोला इलाम नगरपालिका भित्र विक्रि वितरण गर्न कार्यालयले तोकेको शर्तहरुको अधिनमा रहि अनुमति प्रदान गर्ने।

निर्णय नं. ५ :

शीतभण्डार पूर्वाधार निर्माण सम्बन्धमा पटक पटक सूचना प्रकाशन गर्दा समेत इच्छुक समूह तथा सहकारी संस्थाबाट प्रस्ताव नपरेको हुँदा साविकमा तोकिएको शर्तहरु मध्येको "शित भण्डार पूर्वाधार (कोल्डरुम/ कोल्ड च्याम्बर) निर्माणका लागि सार्वजनिक जग्गा वा सहकारी संस्था वा कृषक समूहको आफ्नै नाममा दर्ता रहेको एउटै प्लटमा रहेको न्युनतम १ रोपनी जग्गामा मात्र बनाउनु पर्नेछ।" भन्ने शर्त संशोधन गरि " सरकारी/सार्वजनिक जग्गा समेतमा निर्माण गर्ने गरि ..." भन्ने बेहोराको शर्त संशोधन गरि पुनः सूचना आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

इलाम नगरपालिकाको गाईको प्रजननको लागि उन्नत नस्लको सिमेन वितरण सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखाको च.नं. २०९, मिति २०८१।११।०५ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ३८२२२, मिति

आठौं कार्यपालिका बैठक मिति २०८१।११।१५ का निर्णयहरु

२०८१।१०।३० को पत्रानुसार कडा रोगहरुको औषधी खर्च प्रदान गर्ने सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनसँग नबाझिने तथा दोहोरो सुविधा नपर्ने गरि स्थानीय तहको आन्तरिक आय र जनसंख्याको अनुपातका आधारमा स्थानीय तहको आर्थिक क्षमता र दिगोपना समेतलाई मध्यनजर गरी औषधी उपचार खर्चको अधिकतम सीमा निर्धारण गरी औषधी उपचार खर्च उपलब्ध गराउने सन्दर्भमा प्राप्त सुझावलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

बरबोटेली चिया उत्पादक सहकारी संस्था लि., इलाम ५ लाई नेपाल बहुउद्देश्यीय सहकारी संस्थासँग एकिकरण गर्नका लागि पूर्व स्वीकृतिका लागि आवश्यक पर्ने सिफारिस प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

आ.व. २०८२/८३ को मध्यमकालिन खर्च संरचना सम्वन्धी अभिमुखीकरण इलाम नगरपालिकाका कार्यपालिका सदस्य तथा कर्चारीहरुलाई प्रदान गरियो ।मध्मकालिन खर्च संरचना निर्माण कार्य अघि बढाउन कार्यदललाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १०

उप-प्रमुख सीप विकास कोष संचालन कार्यविधि, २०७६ मा देहाय बमोजिम दोश्रो संसोधन गर्ने निर्णय गरियो ।

| हाल भएको दफा | संसोधन हुनु पर्ने दफा | संसोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| नभएको | दफा ५ (क) महिलाहरुलाई उद्यमी बन्न प्रत्साहन गर्न महिलाको नाममा उद्योगको स्थापना संचालन गर्न थप प्रवर्द्धन, प्रविधि विकास सम्बन्धी कार्यक्रम सरल र सुलभबाट तरिकाबाट ऋणि वा ऋणिको एका घरको परिवारको सदस्यको नाममा रहेको अचल सम्पति धितो सहित धितो मूल्याङ्कनका आधारमा मालपोत कार्यालयमा धितो रोक्का राखि मात्र कर्जा प्रवाह गर्न कोषको प्रयोग गरिनेछ । | ऋण प्रवाहलाइ सुरक्षित तथा प्रभावकारी बनाउन |
| नभएको | ५. (ख) कोषको रकम प्राप्तिका लागि अनुसुचि १ बमोजिमको फारम भरी देहाय बमोजिमको कागजात सहित निवेदन दिनुपर्नेछ ।<br>१. नागरिकताको प्रमाणपत्रको फोटोकपी १ प्रति<br>२. ऋणि वा ऋणिको एकाघरको परिवारको सदस्यको नाममा रहेको जग्गा धनी प्रमाण पुर्जाको सक्कलै प्रति १ थान | ऋण प्रवाहलाइ सुरक्षित तथा प्रभावकारी बनाउन |

CamScanner

| | | |
|---|---|---|
| | ३. सोहि जग्गाधनी प्रमाणपुर्जाको चालु आ.ब. को मालपोत / सम्पत्ति कर बुझाएको रसिद १ प्रति<br>४. ब्यवसाय दर्ता प्रमाण पत्रको फोटोकपि १ प्रति<br>५. कर चुक्ता प्रमाण पत्रको फोटोकपी १ प्रति<br>६. हाल सालै खिचिएको २ प्रति पासफोटो<br>७. ब्यवसायिक कार्ययोजना १ प्रति<br>८. घरबाटो सिफारिस १ प्रति<br>९. वाडा कार्यालयको सिफारिस १ प्रति<br>१०. बैंकको नाम र बैंक खाता नम्बर / चेक बुकको फोटोकपी १ प्रति | |
| नभएको | ७ (च) ५ सदस्यीय धितो मूल्याङ्कन उप-समिति रहने जसमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।<br>१.उप-प्रमुख महिला सिप बिकास समितिका सदस्यहरु मध्येबाट उप-प्रमुखले तोकेको संयोजक<br>२. इलाम नगरपालिका भूमि शाखा प्रमुख सदस्य<br>३. कार्यपालिका सदस्यहरु मध्येबाट एकजना सदस्य<br>४. सम्बन्धित वडाका वडा अध्यक्ष सदस्य<br>५. कोष संचालन समिति हेर्ने शाखाको शाखा प्रमुख सदस्य | ऋण प्रवाहलाइ सुरक्षित तथा प्रभावकारी बनाउन |
| नभएको | ७ (छ) धितो मूल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।<br>१. धितो मूल्याङ्कन उप-समितिले धितोको स्थलगत अवलोकन गरी धितो मूल्याङ्कन प्रतिवेदन उप -प्रमुख महिला सीप बिकास कोष संचालक समितिमा पेश गर्नु पर्नेछ ।<br>२. ऋण स्वीकृत भइसकेपछि धितो रोक्का वा दृष्टि बन्धकका लागि मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।<br>रोक्का वा दृष्टि बन्धकमा लागेको सम्पूर्ण खर्च ऋणिले नै व्यहोर्नु पर्नेछ ।<br>३. धितोमा दिएको अचल सम्पत्ति निर्धारीत प्रकृया पुरा गरि मूल्याङ्कन गरिने र मूल्याङ्कन अंकको अधिकतम ४० प्रतिशतमा नबढाई ऋण प्रवाह गर्न सकिनेछ । मूल्याङ्कन गर्दा सरकारी मूल्यको ४० प्रतिशत र स्थानिय मूल्यको ६० प्रतिशतको योगलाई मूल्याङ्कन अंक कायम गरी सो मूल्याङ्कन अंकको ४० प्रतिशत सम्म वा बढीमा ३ लाख सम्म मात्र ऋण लगानी गरिनेछ ।<br>४. संचालक समितिले समय समयमा ऋणसँग सम्बन्धित तोकिदिएका अन्य कार्यहरु धितो मूल्याङ्कन समितिको कार्य हुनेछ । | |

आठौं कार्यपालिका बैठक मिति २०८१।११।१५ का निर्णयहरु

निर्णय नं. ११

उप-प्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो । प्रतिवेदनमा औंल्याइएका सुझावहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

जसवीरे टि प्रोसेसिङ इन्टरप्राइजेज प्रा.लि. मा भएको आगलागीबाट भएको अपूरणीय क्षति प्रति गहिरो दुःख प्रकट गर्दै क्षतिपूर्ति तथा राहतका लागि इलाम नगरपालिकाले नियमानुसार संघीय सरकार प्रदेश सरकार तथा सम्वन्धित निकायहरुमा गर्नुपर्ने सहजीकरण र सहयोग प्रभावकारी रुपमा गर्ने निर्णय गरियो । साथै इलाम नगरपालिका क्षेत्रमा अवस्थित सबै चिया कारखानाहरुमा अनिवार्य रुपमा अग्नि नियन्त्रण उपकरणहरु जडान गर्न गराउन र उपयुक्त क्षमता र गुणस्तरको विद्युतिय वाइरिङ गर्न गराउन पत्राचार गर्ने ।

निर्णय नं. १३

इलाम नगरपालिका वडा नं १ को च.नं. ५८७, मिति २०८१।११।१४, वडा नं. ५ को च.नं. ७०४, मिति २०८१।११।१३, वडा नं. ६ को च.नं. ९९१, मिति २०८१।११।१२ र वडा नं. ७ को च.नं. ६५०, मिति २०८१।११।१३ को पत्रानुसार चालु आ.व. २०८१।८२ मा संचालन हुने रकम योजनाहरु स्थानान्तरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजनाको नाम | विनियोजित रकम | स्थानान्तरण गर्नुपर्ने शिर्षक | स्थानान्तरण रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६० | पर्यटन प्रवद्धन कार्यक्रम | १५००००।- | सामुदायिक र संस्थागत विद्यालयहरुमा आखा र कान शिविर संचालन | ६०००० | वडा नं. ७ |
| | | | विविध खर्च | ९०००० | |
| ८८ | रितिरिवाज तथा कला संस्कृति संरक्षण कार्यक्रम | १००००० | पुवा खोला घाटमा चिता स्थाल निर्माण योजना | १००००० | वडा नं. १ |
| १३१ | आदिवासी जनजाती लक्षित कार्यक्रम | १००००० | क्र.सं. २९१ खर्च संकेत नं. ३११७१ वडा कार्यालयको भवनको कोठा बारबेर र कम्पाउण्ड निर्माण | १००००० | वडा नं. ५ |
| १३२ | महिला सीप तथा क्षमता विकास कार्यक्रम | ५०००० | क्र.सं. २९१ खर्च संकेत नं. ३११७१ वडा कार्यालयको भवनको | ५०००० | वडा नं. ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कोठा बारबेर र कम्पाउण्ड निर्माण | | |
| १३३ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | ५०००० | क्र.सं. २९१ खर्च संकेत नं. ३११७१ वडा कार्यालयको भवनको कोठा बारबेर र कम्पाउण्ड निर्माण | ५०००० | वडा नं. ५ |
| १३५ | दलित वर्ग सीप विकास कार्यक्रम अन्तर्गत | ५०००० | क्र.सं. २९१ खर्च संकेत नं. ३११७१ वडा कार्यालयको भवनको कोठा बारबेर र कम्पाउण्ड निर्माण | ५०००० | वडा नं. ५ |
| ३१७ | सत्यनारायण मार्ग स्तरोन्नती | ५००००० | घिसिङ्ग मार्ग (नालि निर्माण) | ५००००० | वडा नं. ६ |
| ५८ | ५० प्रतिशत लागत सहभागितामा मागको आधारमा विद्युतीय चुल्हो तथा सहयोग कार्यक्रम | १५०००० | कार्यालयको लागि प्रिन्टर, स्क्यानर लगायत मेशिन उपकरण खरिद गर्ने कार्यक्रम | १५०००० | वडा नं. ६ |

निर्णय नं. १४

बिब्ल्याँटे जिरो किमी खेलमैदान मुनी धनमाने इ.न.पा. ४ हुँदै देउमाइ न.पा. जोड्ने सडकको ५०/६० मिटर सडक खण्ड जोडिन बाँकी भएको हुँदा सो भागमा नयाँ ट्र्याक खोलेर स्तरोन्नती गरि उक्त सडक जोड्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

इलाम नगरपालिका अनतर्गत रहेका सरकारी सामुदायिक विधालयमा रहेका शिक्षकहरुको दरवन्दी मिलान गर्ने सम्बन्धमा थप अध्ययन गरि अर्को कार्यपालिका बैठकबाट निर्णय गर्ने गरि सामाजिक विकास समितिका संयोजक श्री ओमनाथ प्रधानलाइ सम्वन्धित पक्षहरुसंग समन्वय गरि प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. १६

खानेपानी सम्बन्धी विविध प्रस्तावहरु सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| सि.नं. | प्रस्तावको व्यहोरा | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | मिटर परिवर्तन सम्बन्धमा | प्राविधिक प्रतिवेदनको आधारमा मिटर बिग्रिएको, नचल्लने तथा फेर्नुपर्ने भएमा इलाम नगरपालिकाको | |

| | | | |
|---|---|---|---|
| | | आर्थिक ऐन, खानेपानी सेवा शुल्क बमोजिम नयाँ खानेपानी मिटर प्रति गोटा रु १७००।०० का दरले असुल गरि मिटर परिवर्तन गर्ने। | |
| २ | मेनलाइन मर्मत सम्बन्धमा | मेन ट्रान्स्मिसन पाइपलाइन र वितरण पाइपलाइनमा मानविय कारण वा लापरवाहीले क्षति हुन गएमा क्षति गराउने सम्बन्धीत व्यक्ती, घरधनी, संस्था तथा कार्यालयलाई सोधभर्ना गरि मर्मत कार्य गर्ने । | |
| ३ | धारा मर्मत सम्बन्धमा : | उपभोक्ताको धारा तथा पाइपलाइन (वितरण पाइप देखि मिटर सम्म) २० मि.मि. पाइपलाइनमा मर्मत गर्नु परेमा, जस्तै पाइप लिकेज, भल्व लिकेज, मिटर लिकेज, मिटर ब्लक, भएको खण्डमा मर्मत गर्दा खर्च हुने १/२ इन्चको फेरल, स्याडल, निप्पल, युनियन, सकेट, प्लग, भल्व तथा अन्य फिटिङ्सहरु उपभोक्ता मार्फत नै उपलब्ध गराइनु पर्नेछ। उपभोक्ताबाट समयमा मर्मत सामाग्री उपलब्ध नभएको अवस्थामा खानेपानी खेर जाने तथा क्षति हुने सम्भावना भएको हुनाले उक्त धाराको पइन्ट तथा पाइपलाइन बन्द गरिने छ र सामाग्री उपलब्ध पश्चात आवश्यक मर्मत गरिने छ। | |
| ४ | धारा जडान सम्बन्धमा | धारा जडान कार्य गर्न पक्की र कच्चीबाटोमा भएका वितरण ट्रान्समिसन पाइपलानको जडान क्षेत्रको तयारी जस्तै होल खन्ने, बाटो फुटाउने र पुनः बाटो मर्मत उपभोक्ताबाट नै गरिनुपर्नेछ। मिटर उल्टो घुम्ने समस्यालाई समाधान गर्न नयाँ धारा जडान गर्दा लाग्ने धारा जडान शुल्क बाटै चेक भल्व व्यवस्थापन गरि मिटरसंग जडान गर्ने। | |
| ५ | गढी ट्याङ्की मेन ट्रन्समिसन लाइन सम्बन्धमा | खानेपानी मुहान्को श्रोतमा थोरै मात्रामा पानी कम भएको अवस्थामा गढी ट्याङ्कीमा हालको ट्रान्समिसन प्रणालीबाट पर्याप्त पानी नचढ्ने भएकोले घलेटारबाट वैकल्पिक ट्रान्समिसनको सर्भे तथा लागत इस्टिमेट तयार गर्ने। | |
| ६ | भन्ज्यङ्ग धारा व्यवस्थापन सम्वन्धमा | • इलाम नगरपालिका वडा नं-०९, भन्ज्याङ्ग क्षेत्रको अधिकांश घरधुरीमा इलाम बजार सहरी खानेपानी तथा स्थानीय मुहान् खानेपानी, दुवै प्रणालीका धाराहरु भएका कारण दोहोरो महशुल पर्ने भएकोले उक्त क्षेत्रका धाराहरुको सहरी खानेपानी अन्तर्गतका | |

| | | | |
|---|---|---|---|
| | | खानेपानी बिलिङ्ग कार्य स्थगित गरिएको थियो र उक्त बिलिङ्ग कार्यलाई पुनः सुचारु गर्न निम्नानुसारका कार्यहरु गर्ने / गराउने।<br>• सहरी खानेपानी प्रणालीबाट मात्र खानेपानी धारा जडान भएको हकमा : अन्तिम रिडिङ्ग मितिले हाल सम्मको महिनाहरुको सहरी खानेपानी प्रणाली अन्तर्गत न्युनतम महशुल बिलिङ्ग गरिने छ। रिडिङ्ग स्थगित भएको मिति पश्चात जडान भएका नयाँ धाराहरुको हकमा जडानको मितिबाट हालसम्मको न्युनतम महशुल बिलिङ्ग गरिने छ।<br>• सहरी खानेपानी तथा स्थानीय मुहान, दुवै प्रणालीबाट धारा जडान भएको धाराहरुको बिलिङ्ग र लगत सम्बन्धमा :<br>क. इ.न.पा.-०९, भन्ज्याङ्ग बजार क्षेत्रमा स्थानीय मुहान् अन्तर्गत वितरण हुने अठारेवेसी, महमाइ स्कुल नजिकको टयाङ्की र भालुवासे टयाङ्कीमा एक पाइप सहरी खानेपानीं प्रणालीको वितरण पाइपबाट थप गर्ने ।<br>ख. इच्छुक ग्राहकले दुवै धारा राख्न सक्नेछन। विलिङ्ग सम्बन्धीत प्रणालीअनुसार हुनेछ।<br>ग. एक मात्र धारा कायम राख्न चाहने ग्राहकहरुको हकमा स्थानीय मुहानको धारा लगत कट्टा गर्नुपर्ने छ। खानेपानी सोहि मिटरबाट वितरण गरिनेछ, सहरी खानेपानीको धारा पोइन्ट बन्द गरि सहरी खानेपानीको लगत कायम गरि विलिङ्ग गरिने छ। स्थानीय मुहान्को लगत कट्टा गर्न चाहने ग्रहकहरुले पत्र पाएको 3 दिन भित्रमा नगरपालिकाको खानेपानी शाखामा सम्पर्क गर्नुपर्ने छ।<br>घ. सहरी खानेपानी अन्तर्गत धाराको हकमा अन्तिम रिडिङ्ग मितिले हाल सम्मको महिनाहरुको सहरी खानेपानी प्रणाली अन्तर्गत न्युनतम महशुल बिलिङ्ग गरिने। रिडिङ्ग स्थगित भएको मिति पश्चात जडान भएका नयाँ धाराहरुको हकमा जडानको मितिबाट हालसम्मको न्युनतम महशुल बिलिङ्ग गरिने। | |

| | | | |
|---|---|---|---|
| | | • स्थानीय मुहान् प्रणालीबाट मात्र जडान भएका धाराहरुको बिलिङ्ग र लगत सम्बन्धमा :<br>क. इ.न.पा.-०९, भन्ज्याङ्ग बजार क्षेत्रमा स्थानीय मुहान् अन्तर्गत वितरण हुने अठारेवेसी,महमाइ स्कुल नजिकको टयाङ्की र भालुवासे टयाङ्कीमा एक पाइप सहरी खानेपानी प्रणालीको वितरण पाइपबाट थप गर्ने ।<br>ख. स्थानीय मुहान् प्रणालीकै वितरण प्रणाली र मिटरबाट खानेपानी वितरण गरिने। सहरी खानेपानीको पानी पनी थप भएको कारण अन्तिम रिडिङ्ग मितिबाट सहरी खानेपानी प्रणाली अन्तर्गत बिलिङ्ग गर्ने। | |

निर्णय नं. १७

वातावरण मैत्री स्थानीय शासन संचालन कार्यविधी, २०८० बमोजिम बातावरण वडा घोषणा सम्बन्धी कार्यक्रम संचालनका लागि यस अघि वडा नं. ४ र ६ मा संचालन गर्ने गरि बजेट बिनियोजन भईसकेकोमा सोही बजेट भित्र रही थप एक वडामा संचालन गर्ने गरि वडा नं. २ थप गरी सो वडामा समेत उक्त कार्यक्रम संचालन गरि वातावरणमैत्री वडा घोषणा सम्बन्धी कार्य अघि वढाउने तथा सो कार्यका लागि रु ४,९९,१९२.३० (अक्षरेपी चार लाख उनान्सय हजार एक सय बयानब्बे रुपैया तीस पैसा) को लागत अनुमान र पाना ३० (तीस) को कार्य सम्पादन शर्त स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

कुकुर वध्याकरण सम्वन्धी कार्यक्रम पुन राख्न पशु विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १९

इलाम नगरपालिका भित्रका विद्यालयहरुमा कक्षा कोठामा डायरीको प्रयोग नभएको, इ-हाजिरी र रजिष्टर समानान्तर रुपमा प्रयोग गर्ने गरेको पाइएको हुँदा अनुगमन गरिने विद्यालयहरुको नामावली र समय तालिका तयार गरि पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २०

इलाम नगरपालिका अन्तर्गतमा संचालित देहायका विषयहरुमा समन्वय वैठक आयोजना गर्ने ।

क. पूर्ण विद्युतीकरणको कार्य अलपत्र परेको हुँदा विद्युत प्राधिकरणसँग समन्वय बैठक बस्ने

ख. हाइड्रोपावर सँगको समन्वय बैठक प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा आयोजना गर्ने

ग. मेची राजमार्गको बिर्ल्याँटि देखि पुवाखोला खण्ड मर्मतका लागि प्रमुख ज्यू मार्फत समन्वय गर्ने



CamScanner

आठौं कार्यपालिका बैठक मिति २०८१।११।१५ का निर्णयहरु

निर्णय नं. २१

आ.व. २०८२।८३ का लागि यस इलाम नगरपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुसँग सम्बन्धित तपशिल बमोजिमका योजनाहरु समावेश गरिदिनका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

तपशिल

| क.सं. | योजनाको नाम | योजना संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | साखेजुङ स्वास्थ्य चौकी भवन निर्माण | इ.न.पा १ | हाल बर्थिङ सेन्टर समेत संचालन भइरहेको |
| २. | मिनि ट्रमा सेन्टर निर्माण | इ.न.पा ३ बाघखोर | आधारभूत स्वास्थ्य केन्द्र संचालनमा रहेको |
| ३. | स्वास्थ्य चौकीको भवन स्तरोन्नती | भवन स्तरोन्नती | एकतले चार कोठाको भवन संचालनमा रहेको |
| ४. | स्वास्थ्य संस्थाहरुमा संचालित ज्येष्ठ नागरिक मिलन केन्द्रको स्तरोन्नति | इलाम नगरपालिकामा अवस्थित स्वास्थ्य चौकीहरु | |

निर्णय नं. २२

सुरक्षित आवास केन्द्र (संचालन तथा व्यवस्थापन) कार्यविधी, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

इलाम नगरपालिकामा एकिकृत सफ्टवेयर निर्माण तथा व्यवस्थापन गर्नेका लागि मिति २०८० असार १० मा सफ्टेक इन्फोसिस प्रा.लि, काठमाडौं-२५ र इलाम नगरपालिकाबीच सम्झौता भई कार्य प्रारम्भ भएको । त्यसपछि कार्य सम्पन्न मिति सम्ममा सम्झौता बमोजिम सम्पूर्ण मोड्यूलहरू विकासगरि बुझाएको तर विकास गरिएका केहि मोड्यूलहरूमा कस्टमाइजेसन गर्न अनुरोध गरिएको हुँदा र सूचना सूचना प्रविधि विभागबाट Security Audit Repot प्राप्त भइनसकेको तथा उक्त प्रा.लि बाट Source code समेत प्राप्त नभइसकेको हुदाँ मिति २०८०।०७।०२ र २०८१।०६।२२ मा आंशिक भुक्तानी गरिएको हुँदा हाल नगरपालिकाले अनुरोध गरे बमोजिम सम्पूर्ण कस्टमाइजेसनका काम सम्पन्न भएको तथा Audit Report र Source code समेत प्राप्त भइसकेको हुँदा उक्त संस्थालाई भुक्तानी गर्न बाँकी रकम नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

प्राथमिक तह करार शिक्षक पदपूर्तिका लागि शिक्षक तथा कर्मचारी छनौट नगर समितिले गरेको विज्ञापनमा दरखास्त परेका उमेद्वारहरूको परीक्षा सञ्चालन गर्नुपूर्व नै शिक्षक सेवा आयोगबाट स्थायी पदपूर्तिका लागि नतिजा प्रकाशन भएको कारण उक्त विज्ञापन रद्द गरी उमेद्वारहरूको दरखास्त बापतको राजश्व प्रति उमेद्वार रु. ५०० का दरले फिर्ता गर्ने ।

निर्णय नं. २४

महमाई आधरभूत विद्यालय इलाम – ५ को कक्षा बन्द सम्बन्धीः हाल उक्त विद्यालयमा बाल विकास कक्षामा ७ जना र कक्षा १ – ३ मा जम्मा २ जना विद्यार्थीहरू अध्ययनरत रहेका हुँदा बाल विकास कक्षा यथावत रहने गरी १- ३ का कक्षाहरू नजिकको विद्यालय दुर्गा आधारभूत विद्यालयमा समायोजन गर्न उपयुक्त हुने ।

CS CamScanner

## आठौं कार्यपालिका बैठक मिति २०८१।११।१५ का निर्णयहरु

निर्णय नं. २५

इलाम नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम को सि.नं. ६१५ खर्च संकेत नं. २५१११ अन्तर्गत रहेको स्थानीय तहको साझेदारीमा हिंसापिडित महिलाका लागि आपतकालिन सुरक्षित आवास गृह संचालन सहयोग अनुदान (प्रदेश सरकार सशर्त अनुदान) बापतको रकम मध्ये रु १,००,०००।– (एक लाख) यस इलाम नगरपालिका वडा नं. ९ मा सञ्चालनमा रहेको सुरक्षित आवास केन्द्र इलामलाई उपलब्ध गराउने निर्णय गरियो ।